## ~ २ ~

*[संवत् २०४८ सालको पुरस्कार 'जगदम्बा-श्री' 'नेपाली साहित्य सम्मेलन दार्जिलिङ'लाई र सोही सालको 'मदन पुरस्कार' 'पाल्पामा प्रजातान्त्रिक आन्दोलनका सय दिन (वि.सं. २००७' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री भगेश्वर पंगेनीलाई समर्पण गर्ने संवत् २०५० साल कार्तिक ४ गते रोज ४ का दिन आयोजित समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद-ज्ञापन। यो धन्यवाद ज्ञापन 'नेपाली' त्रैमासिक अङ्क १३७ बाट उद्धृत गरिएको हो। स्मरणीय छ, नेपाली साहित्य सम्मेलन दार्जिलिङलाई प्रदान गरिएको पुरस्कार त्यसका अध्यक्ष डा. लक्कीदेवी सुन्दासले ग्रहण गर्नुभएको थियो।]*

अध्यक्ष महोदय, उपस्थित महिला तथा सज्जनवृन्द !

यसपालि पनि हामीले यो समारोह यहीँ मनायौँ-यही हाम्रो अठोट थियो। जसको सम्झनामा यी पुरस्कार - 'मदन पुरस्कार' र 'जगदम्बा-श्री' पुरस्कार-समर्पित हुँदैछन्, तिनको स्थलगत सम्झनाममा यही थलो उपयुक्त देखिएको कुरा मैले पोहारै भनेको हुँ। तैपनि हाम्रो व्यवस्था वा विचारमै पनि केही कमी रहन गएको भए र कसैलाई विकल्पको सुझाव हुन सक्छ भने, थाहा पाउन पाए, हामी त्यसलाई गहिरिएर विचार गर्न तत्पर छौँ। अहिलेलाई, यो प्राङ्गण उपलब्ध गराइदिएकोमा रातो बङ्गला स्कूलका अधिष्ठात्री नवयुवतिद्वय मिलन र शान्ता दीक्षितलाई हार्दिक बधाई दिनु आफ्नो प्रथम कर्तव्य ठान्दछु।

परम्परानुसार पुरस्कार-समर्पण-समारोहको अध्यक्षता मदन पुरस्कार गुठीका अध्यक्षले गर्ने चलन चलिआएको छ। त्यसैले यो यति अनौपचारिक छ र सहज ठानिएको छ कि यहाँ, औपचारिक तवरले, सभाको अध्यक्ष छान्ने जस्तो कारवाइ नै हुँदैन। तर पनि अध्यक्षता ग्रहण गरिदिनुभएकोमा गुठीका अध्यक्षलाई धन्यवाद दिनु स्वतः आवश्यक भएर आउँछ।

रानी जगदम्बाको स्वर्गवास भएपछि केही समय कोही प्रतिष्ठित व्यक्तिलाई बोलाई मुख्य अतिथिको रूपमा उहाँकै हातबाट पुरस्कार समर्पण गर्ने पनि चलन चलाउन खोजियो; तर त्यो प्रणाली त्यति फाप र सरल नभएको अनुभवले जनाएकाले हामीले पुरानै चलनलाई नवीकरण गऱ्यौं; फलस्वरूप पोहरसालदेखि गुठीका अध्यक्षकै हातबाट पुरस्कार समर्पण गऱ्यौं; यही यहाँहरूले यसपालि देखिहाल्नुभो।

आजको समारोहमा केन्द्रविन्दु पुरस्कार विजेताहरू नै हुनुहुन्छ। 'जगदम्बा-श्री' पुरस्कार पाउने नेपाली साहित्य सम्मेलनका प्रतिनिधि डा. लक्ष्मीदेवी सुन्दास र 'मदन पुरस्कार' विजयी श्री भवेश्वर पंगेनी उहाँहरू दुवै धेरैधेरै बधाईका पात्र हुनुहुन्छ। पुरस्कारको इज्जत बढाइदिन पाल्नुभएकोमा दुवैलाई, र खास गरेर कता-कता 'मुगलान'देखि कष्ट गरी पाल्नुभएकोमा साहित्य सम्मेलनका प्रतिनिधिद्वयलाई जति धन्यवाद टक्र्याए पनि थोरै नै हुन्छ।

पुरस्कारबारे कुरा गर्दा यिनका विषयमा केही अरू पनि एक-दुई कुरा कोट्टयाउनु मुनासीव पर्ला। 'जगदम्बा-श्री' र 'मदन पुरस्कार'को घोषणा भएपछि यसपालि पनि यावत् केही टीका-टिप्पणी नभएका हैनन्। मैले यसअघिको अधिवेशनमा भनेऊँ, यी पुरस्कारबारे पत्र-पत्रिकामा जति टीका-टिप्पणी हुन्छन्- रुचिकर हुन् वा अरूचिकर- त्यति नै हामीले यिनको महत्ता बढेको र बुद्धिजीवीमा यिनको बारे चासो जागेको लक्षण ठान्ने गरेका छौं। यस सन्दर्भमा, सर्वप्रथम, 'जगदम्बा-श्री'बारे नेपालबाहिर पुग्ने मात्र प्रयत्न होइन कि व्यक्ति भन्नाले संस्था पनि बुझाउँछ भन्ने व्याख्याको अनुसरण गरेर यसपालि एउटा संस्था छानिन पुग्यो। प्राप्त भएको प्रतिक्रियाबाट हाम्रो छनौट विधागत विविधताले रंगिएको अतएव सहजै ग्राह्य भएको अनुभव गरियो। तर सुदामाको तण्डुल जस्तो पुरस्कार विजेतालाई लाग्ने हो कि होइन र समर्पण गर्ने सुअवसर पाइने हो कि होइन भन्ने सन्दिग्धताले केही मात्रामा हाम्रो मनोभाव केही त्रसित थियो। अहिले नेपाली साहित्य सम्मेलनका सम्मान्य प्रतिनिधिहरू पाल्नुभएकाले हामीलाई ठूलो सन्तोष भएको छ।

'मदन पुरस्कार' विजेताका पक्षमा दुई कुरा उब्जे : एउटा त अपरिचित नवलेखकले धेरैलाई उछिन्न पुग्नुभो भन्ने र अर्कोचाहिँ 'मदन पुरस्कार' भनेको त भाषा-साहित्यतिरको वैशिष्ट्य राख्ने हो, इतिहासतर्फ त हैन भन्ने। पहिलो कुरा, साँच्चै भनूँ भने 'मदन पुरस्कार'का कतिपयमध्ये एउटा विशेषता केही भने नयाँनयाँ प्रतिभाहरू नाम नचलुन्जेल लाइनमा बस्नुपर्ने परिस्थिति यहाँ सुरुदेखि नै रहेन। किनभने पुरस्कार व्यक्तिविशेष-ग्रन्थकारले पाउने होइन ग्रन्थले पाउने हो, ग्रन्थको निजी गहकिलोपनले हुने कुरा हो। तसर्थ परीक्षकहरूको दृष्टिमा कुनै ग्रन्थ उत्कृष्ट दर्जाको छ भने पहिलो नै कृति भए पनि पुरस्कार पाउँछन्, धेरैपटक यस्तो भएको छ। दोस्रो, विषयगत कुरामा, यतिसम्म भने पुग्ला- भवेश्वर पंगेनीजीको पुरस्कृत

ग्रन्थ इतिहास जस्तो देखिए पनि इतिहासै भनेर पुरस्कृत भएको हैन, अपितु ऐतिहासिक पृष्ठभूमिमा जे कुरा जुन प्राज्ञिक ढङ्गले लेखिएको छ र त्यसमा अनुसन्धानात्मक दृष्टिकोणबाट जति गुण विशेष थपिएका छन् तिनैले ग्रन्थको उत्कृष्टतालाई उचालेका छन्। तिनकै आधारमा यो ग्रन्थ पुरस्कारभागी बनेको हो। 'मदन पुरस्कार' खालि साहित्यको अभिवृद्धिका लागि मात्र हैन दर्शन, विज्ञान, समाज-शास्त्र आदि जुनसुकै विषयमा नेपाली भाषामा लेखिएको उत्कृष्ट ग्रन्थका लागि प्रदान गरिन्छ। हाम्रो उद्देश्यले भन्छ : "नेपाली भाषामा उच्चकोटिका ग्रन्थहरूको सिर्जनाद्वारा भाषा भण्डार बढाउने" इत्यादि।

अहिले दसैंको याम छ। सबैले आ-आफ्ना परिवार इष्टमित्रसँग बसी रमाइलो गर्ने मन बहलाउने शरद् ऋतुको बेला। यस्तो बेलामा पनि समय उभारी नेपाली भाषा, नेपाली साहित्यको प्रेमले तानिएर यहाँहरू सबै पाल्नुभयो, यो हाम्रा निमित्त बडो सौभाग्य र उत्साहवर्द्धक कुरा हो। आज वितरण भएका पुरस्कारप्रति यहाँहरूको चाख नेपाली वाङ्मयमा रुचि राख्ने समस्त अनुपस्थित पनि नेपालीको प्रतिनिधित्व हो भन्ने हामीले ठानेका छौं। त्यसैले यहाँहरूको रमाइलो समुपस्थितिका लागि धन्यवाद टक्र्याउनु म आफ्नो अर्को महत्त्वपूर्ण कर्तव्य ठान्दछु।

'मदन पुरस्कार' र 'जगदम्बा-श्री' पुरस्कारप्रतिको अनुराग भनौं वा प्रेम भनौं वा चाख पुरस्कार विजेतालाई हेरेर मात्रै अलि पुगोइन कि भन्ने अवधारणामा हामीले एउटा अर्को परिपाटि पनि बसाल्ने प्रयत्न गरेका छौं र यसमा हामीलाई निकै हौसला पनि मिलेको छ। कुनै लब्धप्रतिष्ठित व्यक्तिलाई बोलाई उहाँबाट केही गहकिला कुरा सुन्नु हाम्रो अभिष्ट रहेको हुन्छ। यसपालि हाम्रो अभ्यर्थना हाम्रा पूजनीय गुरु वयोवृद्ध, विद्वान् प्राध्यापक यदुनाथ खनालसमक्ष पुग्यो। उहाँको सारगर्भित, विद्वतापूर्ण, एवं सुरभि जति सराहना गरे पनि नपुग्ने, वक्तव्य भरखरै हामीले सुन्न पायौं। हाम्रो अभ्यर्थना फलीभूत भएको मात्र हैन, सुनमा सुगन्ध जडे जस्तो पनि भएकाले हामी गौरवान्वित भएका छौं। स्वनामधन्य प्राध्यापक खनालप्रति गुठीका तर्फबाट मुरीमुरी धन्यवाद चढाउँदछु।

यस्तै अर्को पनि चलन हामीले बसालेका छौं। पुरस्कार वितरणको झलक र अतिथि भाषणबाहेक गुठीका तर्फबाट पनि दुई शब्द बोल्ने। यस कामका निमित्त यसपालि हामीले अर्का ख्यातिप्राप्त विद्वान् प्रा. चूडानाथ भट्टरायजीलाई अघि सार्यौं। सुनिहाल्नुभयो उहाँको खँदिलो एवं तर्कयुक्त वक्तव्य। गुठीसँगको उहाँको लामो सहवासबाट गुठीले अनवरत तवरले उठाइरहेको फाइदालाई समेत मनन गरी म उहाँमा पनि गुठीका तर्फबाट धन्यवाद टक्र्याउँछु।

यो पुरस्कार वितरण समारोहको तयारीका लागि गुठीका दुईचार जना कर्मचारीबाहेक अरू पनि ठूलासाना धेरै जनाको परिश्रम पुगेको छ। यिनमध्ये सर्वश्री वासुदेव लुइँटेल तथा गजेन्द्र रेग्मीजी जस्ता दखल व्यक्तित्वबाहेक श्रीदरबार टोलभित्र-बाहिरकै अदृष्ट कति कर्मचारी पनि मुछिएका छन्, ती सबैलाई गुठीका तर्फबाट धन्यवाद दिनु मुनासिब लाग्छ।

अन्त्यमा, चलेको चलन यस्तै छ : समारोहको अन्त्यमा केही साधारण जलपान गर्ने वा भनौं मीठो मुख गर्ने। त्यसका लागि पर्दाभित्र बसी सबै बन्दोबस्त मिलाउने गुठीका सदस्या श्रीदरबारटोलकी गृहलक्ष्मी श्रीमती अञ्जु दीक्षित र उहाँका सहयोगीलाई हार्दिक धन्यवाद नदिए समारोह अधुरो रह्यो जस्तो लाग्दछ।

अध्यक्षका आज्ञाले समारोह यहीं विसर्जन हुन्छ। अब लागौं- चमेनातिर।

☒ ☒ ☒